**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री नर नाथ गिरी**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**फैसला**

२०७६।०७७ सालको निर्णय नं. १०९

पुनरावेदन नं. ०७६-RB-००२२

**मुद्दाः- मूल्य अभिवृद्धि कर (२०७१/०७२) ।**

काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. १ स्थित प्रहरी कल्याण कोष पेट्रोल पम्प (स्थायी लेखा नं. ३०००५७२९८) को तर्फबाट अधिकार प्राप्त प्र.नि. मदन बहादुर कुँवर......................................................................................१ } पुनरावेदक

**विरुद्ध**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.................................... १ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री सुवास आचार्य

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री टेकनाथ अधिकारी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री गंगाराम गेलाल

शुरु कर्यालयको निर्णय मितिः-२०७४/१२/०६

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७६।०१।३०

पुनरावेदक प्रहरी कल्याण कोष पेट्रोल पम्मका हकमा ठूला करदाता कार्यालय, हरिहरभवन समेतबाट मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर एवं ब्याज समेत दाखिला गर्नुपर्ने गरी भएको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ठूला करदाता कार्यालयबाट भएको शुरु निर्णय नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम पुनरावेदक करदाताको यस न्यायाधिकरण समक्ष पुनरावेदन परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. ठूला करदाता कार्यालय, ललितपुरको कार्यक्षेत्र अन्तर्गतका पुनरावेदक करदाता श्री प्रहरी कल्याण कोष पेट्रोल पम्पको आ.व. २०७१/०७२ को मूल्य अभिवृद्धि कर तर्फ कर परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर, जरिवाना, थप दस्तुर र व्याज समेत जम्मा रू. ३७,१५,८३५।- को प्रारम्भिक कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७४/११/१८ मा जारी भएको आदेश।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४/११/१८ मा जारी भएको सूचना करदाताले मिति २०७४/११/२५ मा सूचना बुझी लिएको।

३. करदाताले मिति २०७४/११/२५ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७४/१२/०५ मा पेश गरेको।

४. अन्यत्र व्यक्ति/फर्मको विजक कारोबारसँग सम्बन्धित भएको पुष्टि हुने प्रमाण पेश हुन आएको नदेखिएको साथै शाखा स्थापना पहिले नै शाखामा भएको खर्च भनी दावी गरेको देखिएकाले मूल्य अभिवृद्धि करतर्फ करदाताले दफा १७ बमोजिम दावी गरेको क्रेडिट रु. १८,६८,२१७/- समेत शाखा निर्माणमा भएको पुष्टि हुन नसकेको हुँदा करदाताले देहाय बमोजिम दावी मूल्य अभिवृद्धि कर रकम मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १७ बमोजिम दावी क्रेडिट अमान्य गरी सोही ऐनको दफा २९(१) बमोजिम २० प्रतिशतले हुने जरिवाना रु. ३,७२,६४३/- र दफा १९ बमोजिम थप दस्तुर र दफा २६ बमोजिमको व्याज रकम समेत गणना गरी कर अवधि २०७२ आषाढको कायम गरी सोही ऐनको दफा २०(१) बमोजिम कर निर्धारण गर्नु पर्ने देखिएको भनी कर, जरिवाना थप दस्तुर र व्याज समेत जम्मा रु. ३६,१४,९२४/- को अन्तिम कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७५/०२/२ मा खडा भएको निर्णय पर्चा।

५.	ठूला करदाता कार्यालय, हरिहरभवनले मिति २०७४/१२/०७ मा जारी गरेको आ.व. २०७१/०७२ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी प्रहरी कल्याण कोष पेट्रोल पम्पले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५/०२/०२ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६.	करदाताले पेश गरेको आधार तथा कारणहरुबाट निवेदकले दावी गरेको क्रेडिट निवेदकले विधिवत रुपमा शाखा थप गरी शाखा निर्माणमा भएको पुष्टि हुन नसकेको अवस्थामा उक्त क्रेडिट दिन मिल्ने देखिदैन। तसर्थ मूल्य अभिवृद्धि कर ऐन (संशोधन सहित), २०५२ को दफा १७ बमोजिम क्रेडिट अमान्य गरी सोही ऐनको दफा २९(१क) बमोजिम २० प्रतिशत जरिवाना, सोही ऐनको दफा १९ बमोजिम थप दस्तुर र सोही ऐनको दफा २६ बमोजिमको व्याज रकम समेत गणना गरी कार्यालयबाट भएको कर निर्धारण कानूनसम्मत देखिएकोले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६/०१/३० मा भएको निर्णय।

७.	उल्लेख गरिएका विभिन्न आधार बुँदाबाट सामाखुशी स्थित महालक्ष्मी फयूल सेन्टर प्रहरी कल्याण कोष संचालक समितिको निर्णय बमोजिम प्रहरी कल्याण कोष पेट्रोल पम्प नक्सालको संचित मुनाफाबाट स्थापना गरेको, उक्त पम्पको भौतिक निर्माण कार्य गर्ने नियुक्त निर्माण व्यवसायिबाट प्रहरी कल्याण कोष पेट्रोल पम्प नक्सालको नाममा विल विजक जारी भएको, त्यस्तो विल विजकको भुक्तानी प्रहरी कल्याण कोष पेट्रोल पम्प नक्सालले गरेको, महालक्ष्मी पेट्रोल पम्प सामाखुशीको स्वामित्वकर्ता प्रहरी कल्याण कोष रहेको भन्ने तथ्य आयल निगम बाट जारी भएको विक्रेता प्रमाणपत्रबाट पुष्टि भई आएको, पम्पको निर्माण कार्य करयोग्य कारोबारसँग नै सम्बन्धित रहेको हुँदा प्रहरी कल्याण कोष पेट्रोल पम्प नक्सालले रित पूर्वक भुक्तानी गरेको विल विजक अनुसार तिरेको मूल्य अभिवृद्धि कर रु. १८,३८,२१७/- लाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ तथा ऐ. को नियमावली २०५३ को नियम ३९ बमोजिम कट्टि गरी मूल्य अभिवृद्धि कर विवरण दाखिला गरेको, २०७२ साल जेष्ठ महिनाको जिम्मेवारी रकम रु. ४,२०,१०२/- समेतलाई अमान्य गरी प्रत्यर्थीबाट भएको मिति २०७४।१२।६ को संशोधित कर निर्धारण आदेश, सो आदेशको आधारमा गरिएको मिति २०७४।१२।७ को थप कर दाखिला सूचना तथा आन्तरिक राजस्व विभागबाट भएको मिति २०७६।१।३० को निर्णय समेत त्रुटिपूर्ण भई कानूनी मान्यता विहिन हुँदा पुनरावेदकले पेश गरेको मूल्य अभिवृद्धि कर दाखिला

विवरणलाई यथावत मान्यता दिई थप कर, जरिवाना, थप दस्तुर र व्याज समेतको दायित्वबाट पुनरावेदकलाई मुक्ति दिलाई पाउँ भन्ने समेत व्यहोराको जिकीर लिई करदाताको तर्फबाट मिति २०७४/३/२६ मा पुनरावेदन पत्र दर्ता भएको।

८. यसमा यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७६/०७/२९/६ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

९. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदकका तर्फबाट उपस्थित रहनु भएका विद्वान अधिवक्ता श्री सुवास आचार्यले सामाखुशी स्थित महालक्ष्मी फ्युल सेन्टर प्रहरी कल्याण कोष संचालक समितिको निर्णय बमोजिम प्रहरी कल्याण कोष पेट्रोल पम्प नक्सालको संचित मुनाफाबाट स्थापना गरेको, उक्त पम्पको भौतिक निर्माण कार्य गर्न नियुक्त निर्माण व्यवसायिबाट प्रहरी कल्याण कोष पेट्रोल पम्प नक्सालको नाममा बिल बिजक जारी भएको, त्यस्तो विल बिजकको भुक्तानी प्रहरी कल्याण कोष पेट्रोल पम्पले गरेको साथै महालक्ष्मी पेट्रोल पम्प सामाखुशीको स्वामित्वकर्ता प्रहरी कल्याण कोष रहेको भन्ने तथ्य आयल निगमबाट जारी भएको बिक्रेता प्रमाणपत्रबाट पुष्टि भएको, महालक्ष्मी फ्यूल सेन्टरको छुट्टै **PAN** नं. मात्र फरक रहेको तर उक्त फ्यूल सेन्टर प्रहरी कल्याण पेट्रोल पम्पद्वारा नै निर्माण भएको लगायतका कारणबाट प्रहरी कल्याण कोष पेट्रोल पम्प नक्सालले रितपूर्बक भुक्तानी गरेको बिल बिजक अनुसार तिरेको मू.अ.करलाई मू.अ.कर ऐन, २०५२ को दफा १७ तथा ऐ. को नियमावली २०५३ को नियम ३९ बमोजिम कट्टी गरी दाखिला गरेको मू.अ.कर विवरण समेतलाई अमान्य गरी ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश र सो आदेशलाई मान्य गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय समेत न्याय र कानूनसम्मत नहुँदा सो निर्णय बदर गरी न्याय पाउँ भनी तथा प्रत्यर्थी ठूला करदाता कार्यालय, ललितपुरका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्धान शाखा अधिकृत श्री टेकनाथ अधिकारीले महालक्ष्मी पेट्रोल पम्पले छुट्टै PAN नं लिई दर्ता भएको, कुनै पनि कानूनी कागज प्रमाणबाट महालक्ष्मी फ्यूल सेन्टर, प्रहरी कल्याण कोष पेट्रोल पम्पको भगिनी तथा सम्बद्ध संस्था रहेको नदेखिएको तथा असम्बन्धित बिल बिजक पेश गरी क्रेडिट लिने तथा करयोग्य रकम घटाउने र कर छल्ने नियतबाट प्रहरी कल्याण कोष पेट्रोल पम्पले पेश गरेको विवरण गैरकानूनी हुँदा शुरु निकायले गरेको निर्णय

कानूनसम्मत रहेको कारणबाट उक्त निर्णय नै सदर गरी पाउँ भनी बहस जिकिर प्रस्तुत गर्नुभयो ।

१०. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय ललितपुरबाट करदाता श्री प्रहरी कल्याण कोष पेट्रोल पम्पको मु.अ.कर निर्धारणको सम्बन्धमा भएको निर्णय मिलेको छ, छैन? करदाता पुनरावेकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा केन्द्रित भै निर्णय दिनुपर्ने देखियो।

११. अव निर्णयतर्फ विचार गर्दा, ठूला करदाता कार्यालय, ललितपुरबाट करदाता श्री प्रहरी कल्याण कोष पेट्रोल पम्पको आ.व. ०७१/०७२ क पूर्ण कर परिक्षण पश्चात मू.अ.कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर, जरिवाना, थप दस्तुर र ब्याज समेत जम्मा रु.३७,१५,८३५/- कायम हुने गरी प्रारम्भिक कर निर्धारण आदेश जारी भएको देखिन्छ। प्रारम्भिक कर निर्धारण आदेशको जानकारी ठूला करदाता कार्यालयबाट जारी गरी सो सो सूचना करदातालाई दिई उक्त सूचनाको जवाफ समेत करदाताले पेश गरेको देखिन्छ। करदाताको जवाफलाई चित्त नबुझाई ठूला करदाता कार्यालयबाट भएको शुरु कर निर्धारण आदेशलाई निरन्तरता दिने गरी अन्तिम कर निर्धारण समेत भएको देखिन्छ। अन्तिम कर निर्धारणमा चित्त नबुझाई करदाता सो निर्णय विरुद्ध प्रशासकिय पुनरावलोकनका निम्ति आन्तरिक राजस्व विभाग गएकोमा उक्त बिभागबाट समेत शुरु कर निर्धारणको आदेशलाई कायम हुने गरी निर्णय भएपश्चात करदाताले यस न्यायाधीकरण समक्ष पुनरावेदन पत्र दायर गरेको देखियो।

१२. करदाता महालक्ष्मी फ्युल सेन्टर प्रहरी कल्याण कोष संचालक समितिको निर्णय बमोजिम प्रहरी कल्याण कोष पेट्रोल पम्प नक्सालको संचित मुनाफाबाट स्थापना गरेको, उक्त पम्पको भौतिक निर्माण कार्य गर्न नियुक्त निर्माण व्यवसायिबाट प्रहरी कल्याण कोष पेट्रोल पम्प नक्सालको नाममा बिल बिजक जारी भएको, त्यस्तो विल बिजकको भुक्तानी प्रहरी कल्याण कोष पेट्रोल पम्पले गरेको साथै, महालक्ष्मी पेट्रोल पम्प सामाखुशीको स्वामित्वकर्ता प्रहरी कल्याण कोष रहेको भन्ने तथ्य आयल निगमबाट जारी भएको बिक्रेता प्रमाणपत्रबाट पुष्टि भएको, महालक्ष्मी फ्यूल सेन्टरको छुट्टै PAN नं. मात्र फरक रहेको तर उक्त फ्यूल सेन्टर प्रहरी कल्याण पेट्रोल पम्पद्वारा नै निर्माण भएको लगायतका कारणबाट प्रहरी कल्याण कोष पेट्रोल पम्प नक्सालले रितपूर्बक भुक्तानी गरेको बिल बिजक अनुसार तिरेको मू.अ.करलाई मू.अ.कर ऐन, २०५२ को दफा १७ तथा ऐ. को नियमावली २०५३ को नियम ३९ बमोजिम कट्टी गरी दाखिला गरेको मू.अ.कर विवरण समेतलाई अमान्य गरी ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश

र सो आदेशलाई मान्य गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय समेत त्रुटिपूर्ण रहेको हुँदा सो बदर गरी करदाताले पेश गरेको मू.अ.कर दाखिला विवरणलाई यथावत मान्यता दिई थप कर, जरिवाना, थप दस्तुर र ब्याज समेतको दायित्वबाट करदातालाई मुक्ती दिलाई पाउँ भन्ने नै करदाताको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ।

१३. अब मिसिल समक्ष रहेको कागजातलाई अध्ययन गर्दा विवादित करदाता पेट्रोल पम्प स्थापना गर्दा प्रहरी कल्याण कोष सञ्चालक समितिको निर्णयबाट प्रहरी कल्याण कोष पेट्रोल पम्प, नक्सालले आफ्नो संचित मुनाफाबाट निर्माण गरेको देखिन आयो। उक्त पेट्रोल पम्पको भौतिक पूर्वाधार निर्माणको लागि नियूक्त निर्माण व्यवसायीले प्रहरी कल्याण कोष, पेट्रोल पम्पको नाममा बिल बिजक जारी गरिएको र सो बिल बिजकको भुक्तानी समेत सोही प्रहरी कल्याण कोष पेट्रोल पम्पबाट एकाउण्ट पेयी चेक मार्फत भएको देखिन्छ। जारी भ्याट बिलमा प्रहरी कल्याण कोषकै नाम र स्थायी लेखा नं. उल्लेख भएको व्यहोरा कर बिजकबाट खरिद देखाएको आ.व.०७१/०७२ को कर विवरणमा उल्लेख भएबाट विवादित पेट्रोल पम्पको प्रत्यर्थी कार्यालयले दावी गरे जस्तो अलग कानूनी अस्तित्व नरही प्रहरी कल्याण कोष पेट्रोल पम्प, नक्सालको शाखा कार्यालय कै स्वरुप रहेको पुष्टी हुन्छ। जहाँसम्म एउटै निकायको अलग अलग दुईवटा लेखा नं. रहन नहुने र यी करदाताको नाममा प्रहरी कल्याण कोष, पेट्रोल पम्प भन्दा फरक स्थायी लेखा नं. रहेकोले यी दुई पेट्रोल पम्प फरक अस्तित्वका हुन् भन्ने प्रत्यर्थी ठूला करदाता कार्यालय तथा सो कार्यालयको तर्फबाट उपस्थित विद्वान शाखा अधिकृतको जिकिर छ त्यसतर्फ हेर्दा एउटै निकायको दुईवटा स्थायी लेखा नं. हुन नहुनेमा विवाद छैन तर शुरुमा कार्यारम्भ गर्दा पुनरावेदक करदाताको नाममा अलग्गै लेखा नं.जारी भएपनि सो लेखा नं. मिति २०७४/०८/२३ मा खारेज गरी नेपाल प्रहरी कल्याण कोष, नक्शाल, पेट्रोल पम्प शाखा कार्यालयको रुपमा दर्ता गरी कारोबार सञ्चालन भै आएको समेत देखिन आयो। उक्त स्थायी लेखा नं. शुरुमा जारी भएपनि कुनै पनि कर बिजकहरुबाट उक्त खारेज भएको स्थायी लेखा नं. यी पुनरावेदक करदाताले प्रयोग गरेको थियो भनी प्रत्यर्थी कार्यालयले उल्लेख गरेको स्थिति नहुँदा शुरु निर्णय नै कायम हुनु पर्दछ भन्ने प्रत्यर्थीका तर्फबाट भएको बहस जिकिरसँग सहमत हुन सकिएन।

१४. अतः उल्लेखित आधार एवं कारणबाट स्थायी लेखा नं. ३०००५७२९८ को पुनरावेदक करदाता श्री प्रहरी कल्याण कोष पेट्रोल पम्मको आर्थिक बर्ष २०७१/०७२ को मूल्य अभिवृद्धि कर निर्धारण सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४/१२/०६ मा भएको निर्णय र सो निर्णयलाई समर्थन गर्ने

गरी आन्तरिक राजस्व बिभागबाट मिति २०७६/०१/३० मा भएको निर्णय मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ। अरु तपशील बमोजिम गर्नु।

तपशील खण्ड

माथी ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता श्री प्रहरी कल्याण कोष पेट्रोल पम्पको आर्थिक बर्ष २०७१/०७२ को मूल्य अभिवृद्धि कर निर्धारण सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४/१२/०६ मा भएको निर्णय र सो निर्णयलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व बिभागबाट मिति २०७६/०१/३० मा भएको निर्णय मिलेको नदेखिँदा उल्टी हुने ठहरेकोले पुनरावेदकले पुनरावेदन गर्दा धरौटी राखेको रकमबाट एकिन हिसाब गरी पुनरावेदक करदातालाई सो हदसम्मको रकम फिर्ता दिनु वा अर्को बर्षको तिर्नुपर्ने कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाईदिनु---------------------------१

फैसलाको प्रतिलिपी बिशेष सरकारी वकिलको कार्यालयलाई दिनु-----------------२

सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु-------------------------------------------------------३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु--------------------------------४

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हाम्रो सहमति छ ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

नर नाथ गिरी
(राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री प्रमोद रिजाल

इति सम्बत २०७६ साल माघ १४ गते रोज ३ शुभम...........................................